

# बालश्रम अन्त्य हाम्रो चाहना !

# निकृष्ट बालश्रम अन्त्यलाई बनाऔं पहिलो निशाना !!

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

CWISH
(सिविस)

unicef




# बालश्रम के हो ?



बालबालिकाको मानसिक विकास तथा शारीरिक वृद्धि, आदिको अवसरबाट वञ्चित हुने गरी गराइने श्रम



बालबालिकालाई आफ्नो घरपरिवार चलाउन ज्याला लिई तथा नलिई गराइने श्रम



बालबालिकालाई शिक्षा, स्वास्थ्य, आमाबुबाको माया, खेल्न पाउने, पालन पोषण तथा हेरचाह प्राप्त गर्ने लगायतका आधारभूत अधिकार वञ्चित हुने गरी लगाइने श्रम

# बालश्रम के होइन?



बालबालिकाको भविष्यको लागि आवश्यक पर्ने जीवनोपयोगी सीपको विकास गर्नका लागि सिकाइने काम ।



परिवारभित्र बिनाभेदभाव मायालु वातावरणमा बालबालिकालाई सिकाइने काम




संविधान, राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुनमा उल्लेखित बालबालिकाको शिक्षा, स्वास्थ्य, आमाबाबुको माया, खेल्न पाउने, पालन पोषण तथा हेरचाह प्राप्त गर्ने लगायतका आधारभूत अधिकार कुण्ठित नहुने गरी लगाइने काम

# बालश्रमको कारण

१. गरिबी/बेरोजगारी
२. अदक्ष अभिभावक
३. कुनै विशेष तालिम नचाहिने र सामान्य सिकाइबाट नै सिक्न सकिने
४. सस्तो श्रम
५. सजिलोसँग लगाउन सकिने विद्रोह नगर्ने
६. ठूलो परिवार
७. सशस्त्र संघर्ष/सामाजिक असुरक्षा/विस्थापन
८. असमान सामाजिक तथा आर्थिक विकास
९. सर्वसुलभ गुणस्तरीय शिक्षाको अभाव
१०. पारिवारिक हिंसा/तनाव
११. पारिवारिक विचलन/वियोग
१२. सहरी रमझमको आर्कषण
१३. सामाजिक लिङ्गभेद
१४. कानुनको प्रभावकारी कार्यान्वयनको अभाव
१५ कानुनको बारेमा ज्ञान नहुनु, नटेर्नु

# बालश्रमको परिणाम


शिक्षाबाट वञ्चित


अदक्ष नागरिक उत्पादन


कुपोषण


स्वतन्त्रता गुमाउने स्थिति


बालबालिकाको बेचबिखनमा बृद्धि


यौन शोषणको सिकार/यौन विकृतिले प्रश्रय पाउने


वयस्क श्रमिकहरु श्रमको अवसरबाट बञ्चित हुनुपर्ने स्थिति सिर्जना


बालबालिकामा आत्माबलको कमी


बालअधिकारबाट वञ्चित बालबालिका


बालापन उपभोग गर्ने अवसर नपाउने

# निकृष्ट बालश्रम के हो ?

- शारीरिक, मानसिक, बौद्धिक, सामाजिक र नैतिक विकासमा असर पर्ने गरी लगाइएको श्रम ।
- शिक्षा, स्वास्थ्यजस्ता आधारभूत अधिकारबाट बञ्चित गराएर लगाइएको श्रम ।
- दीर्घ जीवनमा नकारात्मक असर पार्ने श्रम ।
- अवसर, सुविधाबाट बञ्चित गराइ तथा बाबुआमाबाट अलग्ग राखी लगाइएको श्रम ।
- कानुनले तोकेभन्दा कम उमेरमा लगाइएको श्रम ।
- जबरजस्ती लगाइएको श्रम ।
- यौन शोषण तथा यौन क्रियाकलापमा जबर जस्ती संलग्न गराइने अवस्थाको श्रम ।

## नेपालको हकमा पहिचान गरिएका निकृष्ट प्रकारका बालश्रम अन्तर्गत निम्न पर्दछन् ।


घरेलु बालश्रम


बालभरिया


गलैंचा कारखानामा काम गर्ने बालश्रम


सडकमा फोहोरमैला टिप्ने बालबालिका


खानीमा काम गर्ने


बालबालिकाको बेचबिखन तथा ओसारपसार


बाँधा बालश्रम

## बालश्रमविरूद्धका अन्तर्राष्ट्रिय कानुनप्रति राष्ट्रले गरेको प्रतिवद्धता

नेपालले बालअधिकारसम्बन्धी एवं बालश्रमविरूद्धमा भएका अन्तर्राष्ट्रिय कानुनहरु बालअधिकारसम्बन्धी महासन्धि, बालश्रमविरूद्धका अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धिहरु श्रममा संलग्न हुने न्यूनतम उमेर निर्धारणसम्बन्धी महासन्धि नं. १३८, निकृष्ट बालश्रमविरूद्धको महासन्धि नं. १८२ मा अनुमोदन गरिसकेको छ । जसअनुसार नेपालले बालश्रमविरूद्धका नीति एवं कानुनहरु निर्माण गरी कार्यान्वयन गरिसकेको अवस्था छ ।



## बालश्रमविरूद्धका नेपाली कानुनहरू

- नेपालको संविधान (२०७२) को धारा ३९ ले बालबालिकाको अधिकारलाई मौलिक हकभित्र समावेश गरेको छ ।
- धारा ३९ को उपधारा (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था गरेको छ ।
- बालश्रम निषेध तथा नियमित गर्न बनेको ऐन २०५६ ले १४ वर्ष मुनिका बालबालिकालाई श्रम लगाउन निषेध गरेको छ ।
- १४ देखिमाथि १६ वर्ष मुनिसम्मकालाई ऐनले पहिचान गरेका जोखिमयुक्त कामको सूचिमा राखेका काममा लगाउन नपाउने व्यवस्था गरेको छ ।
- राष्ट्रिय श्रम नीति २०६२ को उद्देश्य नं. ३.६ ले बालश्रम उन्मूलन गर्ने उद्देश्य राखेको छ ।
- बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ को बुँदा ८.१० ले बालबालिकालाई श्रमिकका रूपमा प्रयोग गर्ने कार्यलाई निरूत्साहित गरिने र बालश्रम प्रयोगको अनुगमन गर्ने प्रणालीलाई सशक्त बनाइने कुरा उल्लेख गरिएको छ ।



## बालमैत्री स्थानीय शासनमा बालश्रम

बालमैत्री स्थानीय शासनको बालसंरक्षण शिर्षक अन्तर्गतको सूचक नं. ३ मा निकृष्ट बालश्रमको दर घटेको हुनेछ भन्ने सूचक राखिएको छ । यो सूचक प्राप्तिका लागि पनि प्रत्येक गाउँपालिका र महा/उप/नगरपालिकाहरूले बालश्रमविरूद्धका कार्यक्रमहरूलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ ।



**हामी सबै मिलेर**
**बालश्रम**
**अन्त्य गरौं**




थप जानकारीका लागि :

**समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस)**

पो.ब.नं. २१४३३, बुद्धनगर, काठमाडौं, नेपाल, फोन: ४७८१३८६, ४७८०४४५, फ्याक्स: ४७८४५४५

इमेल: info@cwish.org.np, वेभ: www.cwish.org.np